Nepali | नेपाली

# प्राथमिकतायुक्त प्राथमिक स्याहार केन्द्रहरू (Priority Primary Care Centres)

## के तपाईंलाई तुरुन्तै डाक्टर देखाउन आवश्यक छ?

प्राथमिकतायुक्त प्राथमिक स्याहार केन्द्रहरू (PPCCs) ले अबिलम्ब उपचार गर्नु पर्ने चोटपटक वा बिरामी भएका जुनसुकै व्यक्तिहरूलाई नि:शुल्क उपचार प्रदान गर्दछ।

PPCC डाक्टरहरूले तपाईंलाई अस्पतालको आकस्मिक विभागमा भन्दा छिटो उपचार गर्न मद्दत गर्नेछन्।

उनीहरूले हल्का संक्रमण, आगोले हल्का पोलेको, हातखुट्टा मर्केको, हड्डी भाँचिएको हुन सक्ने जस्ता अवस्थाहरूको उपचार गर्न सक्छन्। PPCC सेवाहरूमा प्याथोलोजी, रेडियोलोजी र फार्मेसी सेवाहरू समावेश छन्।

**यदि तपाईंलाई गम्भीर चोट वा रोग छ भने तीन शुन्य (000) मा फोन गर्नुहोस्। यदि तपाईंलाई तत्काल हेरचाहको आवश्यकता छैन भने आफ्नो नियमित डाक्टरलाई देखाउनुहोस्।**

PPCC सेवाहरू मेडिकेयर कार्ड भएका वा नभएका सबैका लागि नि:शुल्क छन्।

PPCC मा दोभाषेहरू उपलब्ध छन्। अनुवाद र दोभाषे सेवा TIS National लाई 131 450 मा फोन गर्नुहोस्।

**स्थानहरू र थप जानकारीको लागि Better Health Channel हेर्नुहोस्:**
**betterhealth.vic.gov.au/priority-primary-care-centres**

TIS Translating and Interpreting Service

phn Victorian-Tasmanian Alliance
An Australian Government Initiative

Victoria State Government